सिरीजङ्घा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(प्रशासन शाखा)

तेल्लोक, ताप्लेजुङ

कोशी प्रदेश, नेपाल

पत्रसंख्याः-२०८२।८३ मिति:२०८२।०८।०८

सूचना नं.: सूचना नं. ३३/२०८२/०८३ नेपाल संवत्:११४६

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति:२०८२।०८।०८**

यस सिरीजङ्घा गाउँपालिकाको तपसिल बमोजिमको आवश्यक पदहरुका लागी खुल्ला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले (स्वास्थ्यकर्मीको हकमा लोकसेवा आयोगमा पदपूर्तिको लागी माग भएको र सोको पदपूर्ति नभएसम्मको लागी) न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त फारम भर्न यस गाउँ कार्यपालिकाको कार्यालय,तेल्लोक, ताप्लेजुङको मिति २०८२।०८।०५ गतेको निर्णयानुसार आव्हान गरिएको छ।

**तपसिलः**

| विज्ञापन नं | पद/समुह | संख्या | न्युनतम सेवा सुविधा | दरखास्त पेश गर्ने अवधि | कार्य गर्नु पर्ने कार्यालय |
|---|---|---|---|---|---|
| ०४/०८२/०८३ | ब्याक-हो लोडर सवारी चालक | १ (एक) | ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि – २०८२ बमोजिम | सुचना प्रकाशन भएको मितिदेखी ७ (सात) दिन भित्र | सिरीजङ्घा गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालयले तोके अनुसार |
| ०५/०८२/०८३ | स्टाफ नर्स (जनरल नर्सिङ) | १ (एक) | सहायकस्तर पाँचौ तहको शुरु तलब स्केल | सुचना प्रकाशन भएको मितिदेखी १५(पन्ध्र)दिन भित्र | सिरीजङ्घा गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालयले तोके अनुसार |
| ०६/०८२/०८३ | हे.अ. (हेल्थ इन्स्पेक्सन) | १ (एक) | सहायकस्तर पाँचौ तहको शुरु तलब स्केल | सुचना प्रकाशन भएको मितिदेखी १५(पन्ध्र) दिन भित्र | सिरीजङ्घा गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालयले तोके अनुसार |
| ०७/०८२/०८३ | अ.न.मी. (नर्सिङ) | ३ (तीन) | सहायकस्तर चौथो तहको शुरु तलब स्केल | सुचना प्रकाशन भएको मितिदेखी १५(पन्ध्र) दिन भित्र | सिरीजङ्घा गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालयले तोके अनुसार |

१. **ब्याक-हो लोडर सवारी चालकको पदको लागि आवश्यक न्यूनतम योग्यता:**

- दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
- ब्याक-हो लोडर सवारी चालक अनुमति पत्र
- ब्याक-हो लोडर सवारी चालक सम्बन्धी कम्तीमा तीन वर्ष अनुभव भएको। कुनै पनि सरकारी निकायमा कम्तीमा छ महिना कार्य गरेको अनुभव भएकोलाई प्राथमिकता दिईनेछ।
- भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी वर्खास्त नभएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहराएको।
- नेपाली नागरिक हुनुपर्ने।
- प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको।

८२।०८।०८

प्रमुख प्रशासकीय अधिकृत

"सिरीजङ्घाको गौरव, कञ्चनजंघा"

sirijanghamun.gov.np ०२४-९८५-२६६०-३३२ sirijangharuralmunicipality@gmail.com

Scanned with CamScanner

CamScanner

**दरखास्तका साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- मान्यताप्राप्त दृष्टि विशेषज्ञद्धारा आँखा परिक्षण गरिएको प्रमाणित कागजात ।
- ब्याक-हो लोडर सवारी चालक अनुमती पत्रको प्रतिलिपी ।
- हालसालै खिचेको पासपोर्ट साईजको ४ प्रति फोटो ।
- कार्य अनुभव भएमा प्रमाणित पत्रको प्रतिलिपी ।

**परीक्षा शुल्क:**

- ब्याक-हो लोडर सवारी चालक पदको लागी परीक्षा दस्तुर रु ३००।- (अक्षरुपी तीन सय मात्र)

**२. हे.अ. , अ.न.मी. र स्टाफ नर्स पदको लागि आवश्यक न्युनतम योग्यता:**

क) दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

ख) मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट लोकसेवा आयोगले निधारण गरेको न्युनतम शैक्षिक योग्यता प्राप्त गरी सम्बन्धित परिषदमा दर्ता तथा नविकरण भएको ।

ग) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी वर्खास्त नभएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहराएको ।

घ) नेपाली नागरिक हुनुपर्ने ।

ङ) प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको ।

**दरखास्तका साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
- हालसालै खिचेको पासपोर्ट साईजको ४ प्रति फोटो ।
- अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपी।

**परीक्षा शुल्क:**

क) हे.अ. र स्टाफ नर्स पदको लागी परीक्षा दस्तुर रु ७००।- (अक्षरुपी सात सय मात्र) र अ.न.मी. पदको लागी परीक्षा दस्तुर रु ५००।- (अक्षरुपी पाँच सय मात्र)

**३. परिक्षाको किसिम:**

क) सिरीजङ्घा गाउँपालिकाको करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ मा भएको व्यवस्था अनुसार उम्मेद्वार छनौट गरिनेछ ।

ख) ब्याक-हो लोडर अपरेटरको हकमा सीप परीक्षण र अन्तर्वाता मात्र हुनेछ ।

**द्रष्टव्य:** उल्लेखित दरखास्त फाराम यस गाउँपालिकाको वेवसाईट www.sirijanghamun.gov.np वाट डाउनलोड गरी राजश्व तिरेको भौचर सहित इमेल (sirijangharuralmunicipality@gmail.com) मार्फत पठाउन सकिनेछ । थप जानकारीको लागी यस कार्यालयको सूचना अधिकारी श्री संजिव सिंह (९८६२००६२३७) सँग वुझ्न सकिनेछ । आवेदन फाराम वुझाउने म्याद नाघे पश्चात अन्तरवार्ताको मिति प्रकाशित गरिनेछ ।

..............................
डम्बर बहादुर आङ्देम्बे
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner
CamScanner